नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भु, काठमाडौं।

## नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०८२/०९/०४ गते, सूचना नं. ०३(०८२/८३)

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको साधारण समूह, साधारण उपसमूह र प्राविधिक समूह, स्वास्थ्यतर्फ उल्लिखित पदहरुमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट अनलाइन मार्फत वा रु. १०/- को टिकट टाँसी स्वयं उपस्थित भई आफूलाई पायक पर्ने सशस्त्र प्रहरी बल, नेपालको तोकिएको कार्यालयहरुमा दरखास्त फाराम बुझाउन सकिने गरी यो दरखास्त आह्वान गरिएको छ ।

१. दरखास्त लिने मिति :-

(क) मितिः- २०८२।०९।११ गतेदेखि २०८२।१०।११ गते कार्यालय समयसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८२।१०।१२ गतेदेखि मिति २०८२।१०।२१ गते कार्यालय समयसम्म ।

(ख) अनलाइन मार्फत तोकिएको समय भित्र दरखास्त फाराम भरेका सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी सहायक निरीक्षक, प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) र प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) पदका आवेदकहरुले मिति २०८२।१०।२३ गते कार्यालय समय भित्र आफूले दरखास्त आवेदन दिंदा रोजेको कार्यालयमा स्वयं उपस्थित भई सक्कलै दरखास्त फाराम बुझाउनु पर्नेछ ।

२. सम्पर्क मिति तथा स्थान :-

(क) साधारण समूहतर्फका सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी सहायक निरीक्षक, प्राविधिक समूह, स्वास्थ्यतर्फका प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) र प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) पदको प्रारम्भिक शारीरिक परीक्षण परीक्षा सम्बन्धी सूचना मितिः २०८२।१०।२९ गते सशस्त्र प्रहरी बल,नेपालको वेवसाइट www.apf.gov.np मा प्रकाशन गरिनेछ ।

३. आवश्यक पद संख्याः-

| सि.नं. | पद | विज्ञापन नम्वर | खुला | अमर/अशक्त स.प्र.क.सन्तति | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| १. | सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूह) | ०७(०८२/८३) | २२ | १ | ३ | ६ | ५ | ३ | १ | ४१ |
| २. | सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूह) | ०८(०८२/८३) | ७० | ३ | १२ | १८ | १६ | ९ | ३ | १३१ |
| ३. | सशस्त्र प्रहरी निरीक्षक (कानून उपसमूह) | ०९(०८२/८३) | ४ | १ | - | १ | १ | - | - | ७ |
| ४. | सशस्त्र प्रहरी निरीक्षक (लेखा उपसमूह) | १०(०८२/८३) | ८ | - | - | २ | २ | १ | - | १३ |
| ५. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | ११(०८२/८३) | ४ | - | १ | १ | १ | १ | - | ८ |
| ६. | प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) | १२(०८२/८३) | ५ | - | १ | १ | १ | १ | - | ९ |

४. दरखास्त फाराम दर्ता गर्ने स्थानहरु :-

(क) साधारण समूह, साधारण उपसमूह, कानून उपसमूह र लेखा उपसमूहतर्फका सशस्त्र प्रहरी निरीक्षक र साधारण समूह, साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागिः-

| सि.नं. | दरखास्त फाराम संकलन गर्ने कार्यालयहरु | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाडौं । | ०१-५२४९०२४ |
| २. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ वराह वाहिनी मुख्यालय, पकली, सुनसरी । | ९८५१२७२०२९ |
| ३. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय, बर्दिवास, महोत्तरी । | ९८५१२७२०२४ |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ वाहिनी मुख्यालय, पोखरा, कास्की । | ९८५१२७२०२५ |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ विन्ध्यावासिनी वाहिनी मुख्यालय, चन्द्रौटा, कपिलवस्तु । | ९८५१२७२०७८ |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी वाहिनी मुख्यालय, बाङ्गेसिमल, सुर्खेत । | ९८५१२७२०२६ |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ वाहिनी मुख्यालय, अत्तरिया, कैलाली । | ९८५१२७२०२७ |

(ख) प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) र प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) पदको लागि:-

| सि.नं. | दरखास्त फाराम संकलन गर्ने कार्यालयहरु | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाडौं । | ०१-५२४९०२४ |

५. आवश्यक न्यूनतम योग्यता:-

| सि.नं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १ | सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूहतर्फ) | (क) विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पूरा गरी २५ वर्ष ननाघेको (जन्म मिति २०५७।०९।०४ गतेदेखि मिति २०६१।०९।०४ गतेसम्म),<br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको,<br>(ग) पुरुषको हकमा उचाई कम्तीमा पाँच फिट दुई इन्च र तौल कम्तीमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा पाँच फिट र तौल कम्तीमा ४२ के.जी. भएको,<br>(घ) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>(ङ) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने),<br>(च) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(छ) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,(परीक्षाको क्रममा संचालन हुने)<br>(ज) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>(झ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>(ञ) दरखास्त दिंदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>(ट) आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>(ठ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>(ड) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>(ढ) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| २ | सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूहतर्फ) | (क) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २३ वर्ष ननाघेको (जन्म मिति २०५९।०९।०४ गतेदेखि मिति २०६४।०९।०४ गतेसम्म),<br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरहको (+२) उपाधि प्राप्त गरेको,<br>(ग) सशस्त्र प्रहरी निरीक्षक पदको (क) र (ख) बाहेकको अन्य योग्यता भएको । |
| ३ | सशस्त्र प्रहरी निरीक्षक (कानून उपसमूहतर्फ) | (क) मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) सशस्त्र प्रहरी निरीक्षक पदको (ख) बाहेकको अन्य योग्यता भएको । |
| ४ | सशस्त्र प्रहरी निरीक्षक (लेखा उपसमूहतर्फ) | (क) मान्यता प्राप्त विश्वविद्यालयबाट लेखा विषय सहित व्यवस्थापन वा वाणिज्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,<br>(ख) सशस्त्र प्रहरी निरीक्षक पदको (ख) बाहेकको अन्य योग्यता भएको । |
| ५ | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | (क) विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको (जन्म मिति २०५२।०९।०४ गतेदेखि मिति २०६१।०९।०४ गतेसम्म),<br>(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एम.बि.बि.एस. उत्तीर्ण वा सो सरह उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको,<br>(ग) आँखा माईनस २.५ वा प्लस २.५ भन्दा बढी कमजोर नभएको,<br>(घ) सशस्त्र प्रहरी निरीक्षक पदको (क), (ख) र (च) बाहेकको अन्य योग्यता भएको । |
| ६ | प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) | (क) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पुरा भई २७ वर्ष ननाघेको (जन्म मिति २०५५।०९।०४ गतेदेखि मिति २०६४।०९।०४ गतेसम्म),<br>(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधि प्राप्त गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको,<br>(ग) आँखा माईनस २.५ वा प्लस २.५ भन्दा बढी कमजोर नभएको,<br>(घ) सशस्त्र प्रहरी निरीक्षक पदको (क), (ख) र (च) बाहेकको अन्य योग्यता भएको । |

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय
मानवस्रोत विभाग
स्वयम्भू, हलचोक, काठमाडौं

६. राजश्व दस्तुरः-

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | साधारण समूहतर्फ सशस्त्र प्रहरी निरीक्षक र प्राविधिक समूह स्वास्थ्यतर्फ सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | दरखास्त फाराम बुझाउँदा परीक्षा दस्तुर बापत रु.१२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% (रु. २४०।-) थप दस्तुर बुझाउनु पर्नेछ एवं उक्त दस्तुर बापतको शुल्क **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको राजश्व खाता नं. १०००१००२०००१००००, कार्यालयको कोड ३१४०५३५०७, राजश्व शिर्षक नं. १४२२४** मा जम्मा गर्नु भई सो को सक्कल भौचर दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । दोब्बर दस्तुरको हकमा रु. २४००।- (दुई हजार चार सय) र समावेशी समूहतर्फ थप समूहको प्रति समूह रु. ४८०।- (चार सय असी) बुझाउनु पर्नेछ । |
| २. | सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूहतर्फ) | दरखास्त फाराम बुझाउँदा परीक्षा दस्तुर बापत रु ५००।- (पाँच सय) बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% (रु. १००।-) थप दस्तुर बुझाउनु पर्नेछ । सम्बन्धित भर्ना केन्द्रहरुले तोकेको **राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शिर्षक नं.** मा जम्मा गर्नु भई सो को सक्कल भौचर दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । दोब्बर दस्तुरको हकमा रु. १०००।- (एक हजार) र समावेशी समूहतर्फ थप समूहको प्रति समूह रु. २००।- (दुई सय) बुझाउनु पर्नेछ । |
| ३. | प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक (स्टाफ नर्स) | दरखास्त फाराम बुझाउँदा परीक्षा दस्तुर बापत रु ७००।- (सात सय) बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% (रु. १४०।-) थप दस्तुर बुझाउनु पर्नेछ एवं उक्त दस्तुर बापतको शुल्क **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको राजश्व खाता नं. १०००१००२०००१००००, कार्यालयको कोड ३१४०५३५०७, राजश्व शिर्षक नं. १४२२४** मा जम्मा गर्नु भई सो को सक्कल भौचर दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । दोब्बर दस्तुरको हकमा रु. १४००।- (एक हजार चार सय) र समावेशी समूहतर्फ थप समूहको प्रति समूह रु. २८०।- (दुई सय असी) बुझाउनु पर्नेछ । |

७. **दरखास्तसाथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु सक्कलै प्रति साथमा ल्याई उम्मेदवार आफैले प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ. केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुने छैन ।**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हालसालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो ३ (तीन) प्रति ।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति । (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कसिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।

(घ) **अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारीहरुको सन्ततिहरुको** लागि अमर/अशक्त भएको पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र १ (एक) प्रति ।

(ङ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(छ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि १ (एक) प्रति वा मिति २०७५/०४/२३ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार सम्बन्धित वडा कार्यालयबाट सिफारिस गरिएको पत्रको सक्कल प्रति ।

(ज) **पिछडिएका क्षेत्रका** लागि **अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला** जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिस गरिएको पत्रको सक्कल प्रति ।

८. परीक्षा विधिः-

(क) प्रारम्भिक शारीरिक परीक्षण,

(ख) शारीरिक सहिष्णुता परीक्षा,

(ग) विस्तृत स्वास्थ्य परीक्षण,

(घ) आई.क्यू. परीक्षा (साधारण समूहतर्फका सशस्त्र प्रहरी निरीक्षक पदको लागि),

(ङ) लिखित परीक्षा

नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानव स्रोत विभाग हलचोक, काठमाडौं

(च) गुणमापक परीक्षा (साधारण समूहतर्फका सशस्त्र प्रहरी निरीक्षक पदको लागि),
(छ) विशेष स्वास्थ्य परीक्षण,
(ज) अन्तर्वार्ता ।

पुनश्चः-
(क) रित नपुगेका र म्याद भित्र राजश्व दस्तुर नतिरेका दरखास्त फाराम दर्ता हुने छैन ।
(ख) साधारण समूह, साधारण उपसमूह, कानून उपसमूह र लेखा उपसमूहतर्फका सशस्त्र प्रहरी निरीक्षक पदको लागि बुदा नं. ४ (क) मा उल्लिखित जुनसुकै कार्यालयहरुमा दरखास्त फाराम बुझाएता पनि सम्पर्क लगायत सम्पूर्ण छनौट परीक्षाहरु **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय, भर्ना तथा छनौट शाखा, स्वयम्भू, हलचोक, काठमाडौंमा** हुनेछ ।
(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागि बुदा नं. ४ (क) मा आफूलाई पायक पर्ने उल्लिखित सशस्त्र प्रहरी बल, नेपालको जुनसुकै कार्यालय/स्थानबाट दरखास्त फाराम दर्ता गर्न सकिनेछ । सम्पर्क लगायत प्रारम्भिक शारीरिक परीक्षणदेखि लिखित परीक्षासम्म **दरखास्त फाराम दर्ता गरिएका सम्बन्धित कार्यालयहरुमा** नै परीक्षा संचालन हुनेछ । लिखित परीक्षाको नतिजा प्रकाशन लगायत सो भन्दा पछिका परीक्षाहरु **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय, भर्ना तथा छनौट शाखा, स्वयम्भू, हलचोक, काठमाडौंमा** हुनेछ ।
(घ) प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) र प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) पदको सम्पर्क लगायत सम्पूर्ण छनौट परीक्षाहरु **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय, भर्ना तथा छनौट शाखा, स्वयम्भू, हलचोक, काठमाडौंमा** हुनेछ ।
(ङ) उल्लिखित पदहरुमा अनलाइन मार्फत दरखास्त फाराम दर्ता गरेका उम्मेदवारहरुले आफूले फाराम दर्ता गराए पश्चात मिति २०८२।१०।२३ गते कार्यालय समयमा तोकिएका कार्यालयमा सम्पर्क गरी आफूले म्याद भित्र भरेको दरखास्त फाराम डाउनलोड गरी प्रिन्ट गरेको प्रति, तोकिएको राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शिर्षक नं. मा **राजश्व जम्मा गरेको भौचरको सक्कल प्रति**, आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार वाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस, रु. १० को टिकट र बुँदा नं. ७ मा उल्लेख भए अनुसारका सम्पूर्ण कागजातहरु लिई अनिवार्य रुपमा उम्मेदवार स्वयं उपस्थित भई प्रवेश पत्र लिनु पर्नेछ । यदि उल्लिखित मितिमा उपस्थित नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
(च) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कल प्रति साथमा लिएको हुनु पर्नेछ ।
(छ) प्रत्येक चरणको परीक्षा समाप्ती पश्चात नतिजा प्रकाशन गरिने छ, उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईनेछ ।
(ज) परीक्षा संचालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अङ्कको आधारमा समावेशीतर्फ उम्मेदवारहरु बीचमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।
(झ) बुदा नं. ६ मा उल्लिखित राजश्व दस्तुर शुल्कको अतिरिक्त उमेदवारहरुको विस्तृत र विशेष स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम थप शुल्क लाग्नेछ ।
(ञ) **बुदा नं. ८ (घ) र (ङ) मा उल्लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।**
(ट) लिखित र अन्तर्वार्ता परीक्षाको नतिजा निम्नानुसारको क्रममा प्रकाशन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| (क) खुला | (ख) महिला | (ग) आदिवासी/जनजाती | (घ) मधेसी |
| (ङ) दलित | (च) पिछडिएको क्षेत्र | (छ) अमर/अशक्त स.प्र.क. सन्तति | |

(ठ) प्रारम्भिक शारीरिक परीक्षणको वखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषको लागि मात्र) ।
(ड) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।
(ढ) सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १२ को उपनियम (५) बमोजिम साधारण समूह, साधारण उपसमूह, कानून उपसमूह र लेखा उपसमूहतर्फ सशस्त्र प्रहरी निरीक्षक तथा साधारण समूह, साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागि लिखित परीक्षाको नतिजा प्रकाशन हुनु भन्दा अघिसम्म र प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) र प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) पदको लागि अन्तर्वार्ताको नतिजा प्रकाशन नहुँदासम्म रिक्त हुन आएका पदहरुलाई सोही विज्ञापनमा समावेश गर्न सकिनेछ ।
(ण) नियुक्ति पाए पछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको सम्बन्धित दर्जाको आधारभूत तालिम गर्नु पर्नेछ ।

नोटः-
(१) सम्मानित सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाडौं समेत विपक्षी रहेको रिट नं. ०७८-WO-०३८४ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम आवश्यक कानूनी प्रावधान मिलाए पछि कायम हुन आउने कूल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाववाट आ.व.

०७९/०८० मा कानूनमा तोकिएका समावेशी समूहलाई समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटी हुन गएको क्षति समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानूनहरुमा भएको व्यवस्था बमोजिम नै पदपूर्ति गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ ।

(२) सशस्त्र प्रहरी सेवाका राजपत्र अनङ्कित कर्मचारीहरुको हकमा ३० (तीस) वर्ष (जन्म मिति २०५२।०९।०४ गतेसम्म) ननाघेको व्यक्ति उम्मेदवार हुन सक्ने छन् । त्यस्ता विभागीय उम्मेदवारहरुको हकमा सम्बन्धित दर्जाको आधारभूत तालिम अनिवार्य सम्पन्न गरेको हुन पर्नेछ ।

(३) अनलाइन माध्यमबाट दरखास्त फाराम भर्नका लागि उम्मेदवारहरुले https://bharna.apf.gov.np/ मा गई दरखास्त फाराम भर्न सकिनेछ । Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा टेलिफोन नं. ९८५१२७२५८४ मा सम्पर्क गर्न सकिनेछ ।

(४) साधारण समूह, साधारण उपसमूहतर्फ सम्बन्धित पदहरुको पाठ्यक्रम, अनलाइन आवेदन दिने दरखास्त फाराम तथा परीक्षा संचालन हुने मिति, समय, स्थान र परीक्षाको नतिजा लगायतका विवरणहरु सशस्त्र प्रहरी बल नेपालको वेभ साईट ***www.apf.gov.np***, टोल फ्रि नं. ११९४ एवं आधिकारिक ***Facebook Page: Armed Police Force, Nepal*** बाट समेत जानकारी लिन सकिनेछ ।

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
**भर्ना तथा छनौट शाखा,**
हलचोक, काठमाडौं ।